प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम,धनुषा

निर्णयहरु

१. कोरोना भाइरस रोकथाम उपचार तथा नियन्त्रणका प्रयासहरुलाई थप प्रभावकारी बनाउने । यसका लागि यसअघि विभिन्न तहबाट भएका निर्णयहरुको कार्यान्वयन सुनिश्चित गर्ने ।

२. सूचना संकलन, विश्लेषण र सोही अनुरुपको तत्काल कार्यवाही बढाउने र नियमित अनुगमन तथा प्रतिवेदन प्रणालीलाई मजबुत बनाउन देहाय बमोजिमको अन्तरनिकाय टास्क फोर्स गठन गरी परिचालन गर्ने ।

संयोजक - श्री रुपेश कुमार साह, अधिकृत नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सदस्य - श्री विजयकुमार झा फोकल पर्सन तथा प्रवक्ता सामाजिक विकास मन्त्रालय
सदस्य - श्री टीकामणि नेउपाने, उपसचिव आन्तरिक मामिला तथा कानून मन्त्रालय
सदस्य - श्री जगननाथ प्रसाद जैसवाल, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
सदस्य - श्री रजनिश मिश्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
सदस्य - श्री विनोद यादव, भौतिक पूर्वाधार विकास मन्त्रालय
सदस्य - श्री राजन झा, आर्थिक मामिला तथा योजना मन्त्रालय

३. सबै क्षेत्रगत मन्त्रालयलले आआफ्नो विषयक्षेत्रसँग सम्बन्धित सूचना सामाग्री तयार गरी नियमित रुपमा प्रचार प्रसार गर्ने । प्रतिदिन साँझ ६ बजे सामाजिक विकास मन्त्रालयको प्रवक्ताले कोरोना संक्रमण विरुद्धको प्रयास र अवस्था सञ्चारमाध्यममा उपलब्ध गराउने ।

४. यस प्रदेशमा कोरोना भाइरस संक्रमण रोकथाम उपचार तथा नियन्त्रणका लागि आवश्यक PPE लगायत स्वास्थ्य सुरक्षा सामग्री औषधी र उपकरणहरुको विवरण मन्त्रालयहरुबाट संकलन गरी तत्काल उपलब्ध गराइदिन संघीय सरकार र केन्द्रमा रहेको उच्चस्तरीय समन्वय समितिमा पठाउने ।

५. दैनिक ज्यालादारी र श्रमजीवी नागरिकहरुको जीवन सहज तुल्याउन गर्नुपर्ने आवश्यक पहलका सम्बन्धमा मुलुकभर नै एकै किसिमको नीति र मापदण्ड लागू गर्न उपयुक्त हुने देखिएकोले सोही बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले आवश्यक तयारी सहित मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

६. कोरोना भाइरस रोकथाम उपचार तथा नियन्त्रण कोष संचालन तथा व्यवस्थापन नियमावली बमोजिम आर्थिक मामिला तथा योजना र सामाजिक विकास मन्त्रालयले समन्वय गरी तत्काल बैंक खाता खोली सार्वजनिक सूचना आव्हान गर्ने ।

७. मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्ने कुनै विषय भएमा सबै मन्त्रालयहरुले तत्काल पेश गर्ने ।

२०७६।१२।१८